# शनिअर्जुन नगरपालिका कार्यालय

## SHANIARJUN MUNICIPALITY OFFICE

शनिश्चरे, झापा, (नेपाल)
Shanischare, Jhapa, (Nepal)
Estd :- 2071


प.स :
Dispatch No
च.न :
Reg No.

मिति :- २०७२/१०/०४
Date :

बिषय :- जनसहभागिताको योजना संचालनका लागि प्रस्ताव आव्हानको सूचना ।

यस शनिअर्जुन नगरपालिकामा चालु आ.व २०७२/०७३ मा प्रत्येक वडामा जनसहभागितामा संचालन हुने गरी एक / एक वटा योजना संचालन गर्ने कार्यक्रम रहेकोमा यस नगरपालिकाको मिति २०७२/०९/१९ गतेको निर्णय अनुसार उक्त योजनाहरु निम्न अनुसार गर्ने गराउने निर्णय भएकोले मिति २०७२ माघ १९ गते कार्यालय समय भित्र सोही अनुसार शीलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैमा यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु :-

- योजना निम्न विकास निर्माणसंग सम्बन्धित हुनपर्ने :-खानेपानी, सिचाई, सडक स्तरउन्नती, नदी नियन्त्रण, कल्भर्ट निर्माण
- प्रत्येक वडामा न.पा.ले ५०००००० (पाच लाख मात्र) उपलब्ध गराइनेछ ।
- न.पा.ले उपलब्ध गराउने रकमको न्यूनतम ५० प्रतिशत (२५००००/०० दुई लाख पचास हजार मात्र) नगदै उपभोक्ता समितिको खातामा जम्मा गरी सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।
- सवै भन्दा बढी रकम जम्मा गर्ने उपभोक्ता समितिको योजना छनौट गरिनेछ ।
- सहभागिता रकम अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंकमा नबुझिएमा अक्षरलाई मान्यता दिइनेछ ।
- नगरपालिकाबाट खटाइएको कर्मचारीको रोहवरमा उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।
- उपभोक्ता समितिको अध्यक्षको रोहवरमा वडागत रुपमा पेश गरेको प्रस्ताव अध्ययन गरी निर्णय गरीनेछ ।
- जग्गा प्लटिङको स्थानमा र व्यक्तिगत जमिन मात्र संरक्षण गर्ने योजना संचालन गर्न पाइने छैन ।
- म्याद नाघेर तथा रीत नपुगी आएका प्रस्ताव उपर कार्वाही हुनेछैन ।
- नगरपालिकाले उपलब्ध गराएको फारममा प्रस्ताव पेश गर्नुपर्नेछ ।
- प्रस्ताव खाममा लाहा छाप गरी शीलबन्दी रुपमा पर्ने गर्नुपर्नेछ ।
- प्रस्तावका साथ यस कार्यालयबाट उपलब्ध गराएको फारम, बैंक जम्मा सक्कल भौचर, उपभोक्ता समिति गठन र बैठकको निर्णय प्रति अनिवार्य पेश गर्नुपर्नेछ ।
- माथि उल्लेखित बाहेक अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।

# शनिअर्जुन नगरपालिका कार्यालय
## SHANIARJUN MUNICIPALITY OFFICE

शनिश्चरे, झापा, (नेपाल)
Shanischare, Jhapa, (Nepal)
Estd :- 2071

प.स :
Dispatch No
च.न :
Reg No.

मिति :- २०७२/१०/
Date :

बिषय :- योजना प्रस्ताव फारम

योजनाको नाम :-

योजना कार्यान्वयन स्थल (वडा न. सहित) :-

| क्र.स | योजनाको नाम | उपभोक्ता समितिले जुटाउने सहभागिता रकम | अंकमा | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

उपभोक्ता समितिको अध्यक्षको
दस्तखत